# प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावना**

गंगाजमुना गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सक्षम, योग्य दक्ष प्रधानाध्यापकको, नियुक्त गरी विद्यालयको व्यवस्थापनमा सुधार गर्दै शिक्षाको गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम कर्तव्य र अधिकारलाई थप विस्तृत गर्न कार्यपालिकाको मिति २०८०/०९/०२ को बैठकले यो कार्यविधि स्वीकृत गरी यो लागु गरिनेछ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधिको नाम प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत भएदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) कार्यविधि भन्नाले प्रधानाध्यापक छनौट तथा पदस्थापना कार्यविधिलाई जनाउनेछ ।

ख) गाउँपालिका भन्नाले गंगाजमुना गाउँपालिकालाई जनाउँछ ।

ग) कार्यपालिका भन्नाले गंगाजमुना गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

घ) प्रमूख भन्नाले गंगाजमुना गाउँपालिकाको प्रमूखलाई जनाउँछ ।

ङ) उपप्रमुख भन्नलो गंगाजमुना गाउँपालिकाको उपप्रमुखलाई जनाउँछ ।

च) प्रमूख प्रशासकीय अधिकृत भन्नाले गंगाजमुना गाउँपालिकाको प्रमूख प्रशाासकीय अधिकृतलाई जनाउँछ ।

छ) शिक्षा प्रमूख भन्नाले गंगाजमुना गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमूखलाई जनाउँछ ।

ज) समिति भन्नाले प्रधानाध्यापक छनौट समितिलाई जनाउँछ ।

**३. कार्यविधिको उदेश्यः** कार्यविधिका निम्न उदेश्यहरु रहेका छन् ।

क) तहगत रुपमा योग्य र दक्ष प्रधानाध्यापक नियुक्ति गर्ने ।

ख) विद्यालयको सञ्चालनमा र व्यवस्थापनमा सुधार गर्ने ।

ग) शैक्षिक,गुणस्तर अभिवृद्धि गर्ने ।

घ) शैक्षिक सुशासन कायम राख्ने ।

ङ) शिक्षक तथा अभिभावकमा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

**४. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (क) विद्यालयको शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय कार्यको लागि प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ । प्रधानाध्यापक विद्यालयको प्रशाकिय तथा व्यवस्थापकीय प्रमूख हुनेछ ।

(ख) एउटा सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एउटै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

(ग) आवश्यकता अनुसार विद्यालयको शैक्षिक, प्रशासनिक र व्यवस्थापकीय कार्यको सहजताको लागि प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले १ जना सहायक प्रधानाध्यापकको जिम्मेवारी तोक्न सकिने छ।

**५. प्रधानाध्यापक पदमुक्त गर्न सकिने अवस्था:** (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भएपनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई जुनसुकै बेला पनि हटाउन सकिनेछ।

क) इमानदार पूर्वक निजले पदीय जिम्मेवारी पालना नगरेको पाइएमा ।

ख) शिक्षा ऐन नियमावली विपरीत काम गरेमा ।

ग) विद्यालयको चलअचल सम्पति हिनामिना गरको प्रमाणित भएमा ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोग ठहरिएमा ।

ङ) राजनैतिक दलको सदस्यता लिएको पुष्टि भएमा ।

च) लक्षित सिकाइ उपलब्धी लगातार ३ वर्ष सम्म हासिल गर्न नसकेमा।

(२) सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई दफा ५ को उपदफा १ अनुसार पदमुक्त गर्नु अघि गाउँ शिक्षा समितिले ३ सदस्यीय छानविन समिति बनाउनेछ । सो समितिले निजलाई हटाउने आधार भए नभएको छानविन गरी गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ ।

(३) दफा ५ उपदफा (२) बमोजिम पेश भएको सिफारिस समेतको आधारमा प्रधानाध्यापकलाइ ७ दिनको समय दिइ सफाइ पेश गर्ने मौका दिइनेछ । निजले दिएको सफाइ मुनासिव नदेखिएमा निजलाई प्रधानाध्याकबाट पदमुक्त गरीने छ ।

**६. प्रधानाध्यापक हुनको लागि आवश्यक योग्यता:** प्रधानाध्यापकमा दरखास्त दिनको लागि देहायको योग्यता हुन आवश्यक छ ।

(क) आधारभूत तह को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र बिषयमा कम्तीमा स्नातक वा सो सरह उत्तिर्ण गरेको र माध्यमिक तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र बिषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण गरेको ।

तर माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको माध्यमिक शिक्षक शिक्षा शास्त्र बिषयमा स्नातक वा सो सरहको परीक्षा उत्तिर्ण भएता पनि उम्मेद्वार हुन पाउने छ।

(ख) सम्बन्धित तहको स्थायी शिक्षक पदमा कार्यरत रहेको ।

(ग) कुनै राजनैतिक दलको सदस्य नभएको ।

(घ) विद्यालय व्यवस्थापन सम्बन्धी वा शिक्षकको पेशागत विकासको तालिम प्राप्त गरेको।

(ङ) असल आचरण भएको ।

(च) नेतृत्व र व्यवस्थापनको सीप भएको ।

(छ) विगत दुई वर्षदेखि कुनै सजाय नपाएको ।

**७. प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थाः** (क) सामुदायिक बिद्यालयमा प्रधानाध्यापक पद रित्त भएमा विद्यालय व्यवस्थापन समितिले दफा ६ बमोजिमका आधार पुरा हुने शिक्षकबाट विद्यालय विकास प्रस्ताव सहित दरखास्त आह्वान गर्नेछ।

(ख) प्रधानाध्यापक छनोट समितिले अनुसची १ मा उल्लेखित आधारमा मुल्याङ्कन गरी सबै भन्दा बढि अङ्क प्राप्त गर्ने उम्मेद्वारलाइ ५ वर्षको लागि प्रधानाध्यापक पदमा नियुक्तीको लागि सिफारिस गर्ने छ।

तर साठी अङ्क प्राप्त नगर्ने उम्मेद्वारलाइ सिफारिस गर्न सकिने छैन।

(ग) विद्यालय विकास प्रस्तावमा लेखिएका सुचकहरु समयबद्द रुपमा पुरा गर्न नसक्ने प्रधानाध्यापकलाइ विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिले पदबाट जहिले सुकै हटाउन सक्ने छ।

(घ) प्रधानाध्यापक छनौट गनको लागि देहाय बमोजिमको प्रधानाध्यापक छनौट समिति रहनेछ ।

(अ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- संयोजक

(आ) शिक्षा अधिकृत/ शिक्षा शाखा प्रमुख - सदस्य

(इ) शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तिर्ण व्यक्तिहरु मध्येबाट समितिले मनोनित गरेका १ जना महिला सहित २ जना विज्ञ - सदस्य

(ई) उम्मेद्वार नभएको सम्वन्धित बिद्यालयको वरिष्ठ शिक्षक -सदस्य सचिव

**८. प्रधानाध्यापक छनौट समितिको काम कर्तव्य र अधिकारः** (क) शिक्षा शाखासंग समन्वय गरी प्रधानाध्यापक नियुक्तिको लागि सूचना प्रकाशित गर्ने ।

(ख) सूचनामा परेका निवेदनको रुजु गरी स्वीकृत गर्ने ।

(ग) विद्यालय विकास योजनाको मूल्याङ्कन र प्रस्तुति गर्न लगाउने ।

(घ) उम्मेद्वारहरुको अन्तर्वाता गर्ने गराउने ।

(ङ) लिखित परीक्षा,विद्यालय विकास योजना र अन्तरवार्तामा उम्मेदारहरुले प्राप्त गरेको अंक र निजले शैक्षिक योग्यता,शिक्षण अनुभव,तालिम र शैक्षिक उपलब्धि वापत प्राप्त नम्बर समेत कुल अङक जोडी बढी नम्बर प्राप्त गर्ने उम्मेदारको नाम प्रधानाध्यापक छनौटको लागि सिफारिस गर्ने।

(च) प्रधानाध्यापक छनौट समितिले आवश्यकता अनुसार यस कार्यविधिको अधिनमा रही आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

(छ) प्रधानाध्यापक छनौट समितिको सचिवालयको काम गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले गर्नेछ ।

**९. निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (क) दफा ६ र ७ बमोजिम प्रधानाध्यापक नियुक्त नभए सम्मको लागि सम्बन्धित बिद्यालयको वरिष्ठ शिक्षकले निमित्त प्रधानाध्यापक भइ काम गर्नु पर्ने छ।

(ख) निमित्त प्रधानध्यापकको लागि वरिष्ठ शिक्षकको योग्यताक्रम देहाय बमोजिम हुनेछः

(अ) आधारभुत तहको लागि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण र माध्यमिक तहको लागि शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित तहमा अध्यापनरत स्थायी शिक्षक मध्ये जेष्ठताको आधारमा ।

(आ) उपदफा अ, बमोजिम नभएमा आधारभुत तहको लागि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण र माध्यमिक तहको लागि शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित तह भन्दा क्रमश तल्लो तहको स्थायी शिक्षक मध्ये जेष्ठताको आधारमा ।

(इ) उपदफा अ, आ, बमोजिम नभएमा आधारभुत तहको लागि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण र माध्यमिक तहको लागि शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित तहमा अध्यापनरत शिक्षक मध्ये जेष्ठताको आधारमा ( करारको हकमा माध्यमिक शिक्षक भन्दा साविक को उमाशि वरिष्ठ हुनेछ)।

(ई) उपदफा अ, आ, इ, बमोजिम शिक्षक नभएमा आधारभुत तहको लागि शिक्षा शास्त्रमा कक्षा १२ उत्तिर्ण र माध्यमिक तहको लागि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण गरी सम्बन्धित तहमा अध्यापनरत स्थायी शिक्षक मध्ये जेष्ठताको आधारमा ।

(उ) उपदफा अ, आ, इ, ई बमोजिम शिक्षक नभएमा आधारभुत तहको लागि शिक्षा शास्त्रमा कक्षा १२ उत्तिर्ण र माध्यमिक तहको लागि शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण गरी सम्बन्धित तहमा अध्यापनरत शिक्षक मध्ये जेष्ठताको आधारमा ।

(ग) आवश्यकता अनुसार गाउँ शिक्षा समितिले बिद्यालयको प्रधानाध्यापक व्यवस्थापनको लागि शिक्षक व्यवस्थापन गर्न सक्ने छ।

**१०. बाधा अडकाउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा बाधा अडकाउ पर्न आएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**११. मान्य हुने :** यो कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका अन्य विषयहरु शिक्षा ऐन तथा नियमावली भए बमोजिम हुनेछ ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

अनुसुची १

प्रधानाध्यापक छनौटका आधार सहितको अङ्क विभाजन

(क) शैक्षिक योग्यता २५

(ख) शिक्षण अनुभव २५

(ग) तालीम १२

(घ) अध्यापन गरेको बिषयमा नतिजा १२

(ङ) विद्यालय विकास प्रस्ताव १४

(च) नेतृत्व लिने क्षमता १२

द्रष्टव्य

१) न्युनतम शैक्षिक योग्यता वाफत प्रथम, द्वितिय, तृतिय श्रेणीको लागि क्रमश १५, १३ ,११ र माथिल्लो शैक्षिक योग्यता वाफत प्रथम, द्वितिय, तृतिय श्रेणीको लागि क्रमश १०, ८ ,६ हुनेछ।

२) शिक्षण अनुभव को लागि सम्बन्धित तहमा स्थायी भइ काम गरेको भए प्रत्येक वर्ष २ अंकको दरले र अस्थायी भइ काम गरेको भए प्रत्येक वर्ष १ अंकको दरले बढिमा २५ अंक

३) टिपिडी तालिम पुरा गरेको भए १२ अङ्क र १ चरण मात्र पुरा गरको भए ८ अंक

४) अध्यापन गरेको बिषयमा नतिजाको लागि पछिल्लो ३ शैक्षिक सत्रलाइ आधार मानिने छ। प्रति शैक्षिक सत्रमा औषत सिकाइ उपलब्धी ३.० -४.० जीपीए भए ४ अंक, २.० - ३.० भन्दा कम जीपीए भए ३ अंक, २.० भन्दा कम जीपीए भए २ अंक

५) विद्यालय विकास प्रस्ताव र नेतृत्व लिने क्षमता को मुल्याङ्कन प्रधानाध्यापक छनोट समितिले गर्ने छ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल